## थकानमाथि विजय पाउनु

प्रभुमा हुनु सधैं सजिलो हुँदैन। सेवकाई गाह्रो हुन्छ र यसमा चुनौतीपूर्ण समयहरू हुन्छन्।

खम्बाहरू पाठ्यक्रममा एउटा महत्त्वपूर्ण विषय भनेको तपाईंले थकानमाथि कसरी विजय पाउनुहुन्छ भन्ने कुरा हो? जब तपाईं अब केही पनि बाँकी रहेन भन्ने समयमा पुग्नुहुन्छ तब तपाईं के गर्नुहुन्छ?

हामी सबैले त्यसको सामना गरेका छौं, र कुनै न कुनै समयमा हामी त्यसको सामना गर्न सक्छौं, जहाँ यो चुनौती हुन्छ जब तपाईं निराश महसुस र थकित महसुस गर्न थाल्नुहुन्छ। तपाईं त्यागिएको पनि महसुस गर्न थाल्न सक्नुहुन्छ।

परमेश्वरले हामीलाई एउटा ढाँचा दिनुहुन्छ जसद्वारा हामी हाम्रो विश्वासलाई फेरि एक पटक विश्वासयोग्यता, शक्ति र दर्शनको स्थानमा उचाल्न सक्छौं। हामी त्यस्तो समयमा फस्दा के गर्छौं? जब तपाईं हिब्रू ११ अध्याय पढ्नुहुन्छ, त्यहाँ परमेश्वरको राज्यमा सेवा गर्ने मानिसहरूको वर्णन गरिएको छ, तिनीहरू ती सबैले विश्वासबाट सुरु हुन्छन्। यो तिनीहरूको सीप, ज्ञान थिएन, स्व-सशक्तिकरण पनि थिएन। तिनीहरूले परमेश्वरमा भरोसा गरेर उहाँको उद्देश्य पूरा गर्ने ठाउँमा आफूलाई उचाल्न सकेका थिए।

यूहन्ना अध्याय ६ ले यो कुरा यसरी भन्दछ, "परमेश्वरको राज्यमा उहाँको सेवा गर्दा तपाईं र म जे गर्छौं त्यो नै परमेश्वरको काम हो। परमेश्वरले जसलाई पठाउनुभयो उहाँमाथि विश्वास गर्नु नै परमेश्वरको काम हो।"

विश्वासलाई लडाइँ भनिन्छ। विश्वासको उत्तम लडाइँ लड्नुहोस्। तर कहिलेकहीं यो चिप्लन्छ र कहिलेकहीं निराशा आउँछ। पुरानो करार पुस्तकमा हामीलाई एउटा कथा दिइएको छ, जुन धेरै प्रसिद्ध कथा, तर यो हामीलाई हाम्रो विश्वाससँग साँच्चै संघर्ष र हामीले थकित महसुस गर्दा हाम्रो सेवकाईमा त्यो समय कसरी पार गर्ने भनेर बुझ्न सहायता गर्नलाई दिइएको हो। हामीमध्ये धेरैले त्यस्ता मानिसहरूलाई चिन्छौं जसले छोडेर गएका छन् र तिनीहरूले सेवकाई र आफ्नो बोलावटलाई त्यागेका छन्, किनकि तिनीहरूसँग त्यो कठिन समय पार गर्ने साधनहरू थिएनन्, त्यस्तो समयको तपाईंले कुनै न कुनै बेला सामना गर्नुहुनेछ। यो एलिया नामक अगमवक्ताको कथा हो र यो १ राजा १९ अध्यायमा उल्लेख गरिएको छ। त्यो कथा बुझ्नका निम्ति म तपाईंलाई त्यो कथा पूरै पढने उत्साह दिन्छु, तर म तपाईंलाई त्यो कथा बताउन चाहन्छु।

एलियाले परमप्रभुको काम गरिरहेका थिए र तिनीसँग एउटा ठूलो दर्शन थियो र बालका अगमवक्ताहरू भन्दा तिनी धेरै फरक थिए। तिनीहरू बीच वेदीमा आगो जलाउने प्रतिस्पर्धा थियो र एलियाका निम्ति स्वर्गबाट आगो झर्छ र तिनले त्यो प्रतिस्पर्धा जित्छन् तिनले परमेश्वरको शक्ति प्रकट गर्छन्। एलियाले अब त्यहाँ एउटा ठूलो जागृति हुनेछ र परमेश्वरको राज्य स्थापित हुनेछ र सबै इस्राएलले आफ्नो पापको पश्चात्ताप गर्नेछन् भनी सोच्छन् तर त्यस्तो केही हुँदैन।

एलिया हामी जस्तै छन्। हामीसँग एउटा दर्शन छ। हामीसँग एउटा ठूलो अपेक्षा छ र हामी विश्वासको एक कदम चाल्छौं र हामी आफ्नो दर्शनको फल के हुन सक्छ भनेर देख्न थाल्छौं, तर त्यस्तो केही हुँदैन। सबैभन्दा नराम्रो कुरा के हुन्छ भने एलियाले रानी ईजेबेलबाट एउटा सन्देश पाउँछन्, जसले भन्छिन्, "तिमीले जे गऱ्यौ त्यसका निम्ति म तिम्रो हत्या गर्न जाँदैछु।"

अब एलियाको जीवनमा मृत्युको जोखिम छ र तिनी भाग्छन् र तिनी थकित बन्छन् अनि उनी पराजित हुन्छन्। १ राजा १९ अध्यायले यो कथा हामीलाई तीन चरणमा दिँदछ। यो तपाईं र मसँग पनि त्यही तीन चरणहरू छन्। सङ्कट आउँछ, त्यसपछि परमेश्वरको हस्तक्षेप आउँछ र त्यसपछि अगाडि बढ्नका लागि विश्वास आउँछ। पहिले

सङ्कट आउँछ। १ राजा १९ अध्याय पढ्दा तपाईं एलियाले परमेश्वरसँग बातचित गर्दा यस प्रकारको वाक्यांश प्रयोग गरेका पाउनुहुनेछ। तिनले भने, "मैले पूरै भोगिसकें।" यो वाक्यांश तपाईं र म पनि प्रयोग गर्छौं। म रित्तिसकेको छु।

एलिया तपाईं र मजस्तै पूर्ण रूपमा थकित थिए। शारीरिक र मानसिक रूपमा हुन सक्छौं र आत्मिक रूपमा पनि हामी थकित छौं र हामीसँग अब ऊर्जा छैन र हामी यसो भन्दै परमेश्वरकहाँ आउँछौं, "मलाई अति नै भइसक्यो।" एलिया यति निराश भइसकेका थिए, तिनले भने, "मेरो प्राण लिनुहोस्।"

म थाकिसकेको छु। अब तपाईं र म त्यो हदसम्म नपुगौंला, तर जब आशा गुमाउनुहुन्छ, तपाईं हार मान्नुहुन्छ। तपाईं यसो भन्न सक्नुहुन्न, "मेरो प्राण लिनुहोस्," तर तपाईंसँग अब ओछ्यानबाट उठ्ने ऊर्जा छैन।

तपाईंका काँधहरू झुक्छन् र तपाईंको शिर निहुरिन्छ, किनकि तपाईंले सबै आशा गुमाउनुभएको छ र तपाईंको बोलावट र सेवकाई समाप्त हुँदैछ जस्तो लाग्छ, किनकि तपाईंसँग दिनका लागि केही बाँकी छैन।

एलियाको भनाइ यस्तो छ, जहाँ तिनी भन्छन्, "साँच्चै, यो न्यायसंगत छैन।" एलिया परमेश्वरले इस्राएलको न्याय गरून् भन्ने चाहन्छन्, किनकि वेदीको आगोको यो महान् घटनापछि पनि इस्राएलले पश्चात्ताप गर्दैन र धेरै पटक यो हाम्रो थकानको लक्षण हुन्छ। हामीलाई अन्यायपूर्ण जस्तो लाग्न सक्छ। हामीले कडा परिश्रम गरेका छौं। हामीले परमप्रभुको सेवा गरेका छौं। हामी विश्वासमा कदम बढाएका हुन्छौं, तापनि कुनै परिवर्तन हुँदैन।

परमेश्वरले इस्राएललाई दण्ड दिनुहुनेछ। इस्राएलले पश्चात्ताप गर्नेछ। एलिया आफ्नो सोच-विचारमा अपरिपक्व छन् र प्रायः हामी अपरिपक्व छौं, किनकि हामीलाई परमेश्वरको समय थाहा छैन, तर तैपनि सङ्कष्ट आउँदा यसले हामीलाई एलिया जस्तै बनाउँछ।

एलियाले कसरी आफ्नो विश्वास गुमाए?

एलियाले केही गम्भीर रूपमा खराब निर्णयहरू गरे, जसले तिनलाई थकित अवस्थामा पुऱ्याए र हामी एलिया र उनको सङ्कटबाट आफैलाई मूल्याङ्कन गरेर सिक्न सक्छौं। यो कुरा सुनिरहेका तपाईंहरूमध्ये कति जनालाई आफू थकित, पतन हुने अवस्थामा पुग्न लागेको जस्तो लाग्न सक्छ र तपाईंमा एलियाका जस्तै लक्षणहरू हुन सक्छन्। एलियाले यसो भन्छन्, "म मात्र बाँकी रहेको छु।" तिनी परमेश्वरसँग कुरा गर्दैछन्। "म मात्र बाँकी रहेको छु।" तिनले आफूलाई पूर्ण रूपमा अलग गरेका छन्। अहिले हामी थाहा पाउँछौं कि बाँकी रहेका तिनी मात्र थिएनन, तर तिनको एक्लोपनको कारण तिनी दृष्टिकोण गुमाउँछ। तिननीसँग बोल्ने कोही पनि नभएकोले तिनमा स्थितिप्रति गलत दृष्टिकोण छ, र जब तपाईं आफूलाई अलग गर्नुहुन्छ तपाईंले दृष्टिकोण गुमाउनुहुनेछ।

शत्रुका अग्निबाणहरूका लागि आफ्नो मन खोल्नुहुन्छ। तपाईंमा पूर्वाग्रह छ। तपाईं यो लक्ष्य गुमाउनुहुन्छ र एलियाजस्तै हामी जति धेरै एक्लो हुन्छौं, हामी त्यति नै थकित हुने जोखिममा हुन्छौं। त्यसपछि एलियाले यो अर्को कुरा भन्छन्, "सर्वशक्तिमान् परमप्रभु परमेश्वरका निम्ति म साह्रै जोशिलो भएको छु।" मानौं तिनी यसो भन्दैछन्, "म मेरो आत्मिकतामा निर्भर छु। म नै हुँ जो यस विषयमा जोशिलो छ। म परमेश्वरमा भन्दा बढी मेरो आत्मिकतामा गर्छु।" तिनले एउटा अन्तिम साँच्चै मूर्खतापूर्ण निर्णय गर्छन्। तिनले आफ्नो सेवकलाई जान दिन्छन्।

अब परमेश्वरकहाँ आउनु अघि तिनले के गरिरहेका छन् भने तिनले खराब निर्णय गरिरहेका छन्, किनकि तिनको कुनै आशा छैन। जब तिनी आफ्नो सेवकलाई जान दिन्छन् तब तिनले यसलाई त्याग भनेका छन् र त्यो साँच्चै मूर्खतापूर्ण छ। यो एलियाको सामना गरिरहेको सङ्कट हो।

अब परमेश्वरले यसमा हस्तक्षेप गर्नुपर्छ। यो यस्तो सङ्कट हो जुन हामीले सामना गर्दछौं, जहाँ हामीलाई परमेश्वरको हस्तक्षेप चाहिन्छ। आत्म-मूल्याङ्कन गर्नुहोस्। के तपाईंको हालको अवस्था एलियासँग मेल खान्छ?

के तपाईंले आफूलाई अलग गर्नुभएको छ? के तपाईंले आशा गुमाउनुभएकोले गर्दा अपरिपक्व खराब निर्णयहरू गर्न थाल्नुभएको हो? के तपाईंले परमेश्वरको अधिकार र विश्वासमा भन्दा बढी आफ्नो जोशमा भर पर्नुभएको छ?

तपाईंले आफूलाई एलियाजस्तै पाउनुहुन्छ। त्यही बेला हो जब परमेश्वरले यति सुन्दर तरिकाले हस्तक्षेप गर्नुहुन्छ।

१ राजा १९ अध्यायमा तपाईंले पढ्नुभएको परमेश्वरको हस्तक्षेप मूल कारण र लक्षण दुवैसँग सम्बन्धित छ।

हामीले आफ्नो जीवनमा परमेश्वरलाई मूल कारण र लक्षण दुवैको सामना गर्ने अनुमति दिनुपर्छ। परमेश्वरले एलियाको लागि भोजन खुवाउन एक स्वर्गदूत पठाउनुहुन्छ। हामीलाई स्वास्थ्य चाहिन्छ। तपाईंहरूमध्ये कसै-कसैलाई आफूमा भएको थकानको वास्तविक गहिराइलाई सम्बोधन गर्न सक्ने हुनका निम्ति आराम र भोजन चाहिन्छ। त्यो एउटा लक्षण हो। त्यहाँ गहिरो मूल कारण हुन्छ, तर परमेश्वरले लक्षणमा ध्यान दिनुहुन्छ र तपाईंले आफूलाई त्यो ठाउँमा राख्नुपर्छ जहाँ शारीरिक रूपमा तपाईं अझ राम्रो स्वास्थ्यको ठाउँमा आउन सक्नुहुन्छ, यसरी तपाईं आफ्नो आत्मा र हृदयमा जे भइरहेको छ त्यसको मूल कारणको सामना गर्न तयार हुन सक्नुहुन्छ।

परमेश्वरले एलियालाई उहाँको कुरा सुन्ने बनाउनका लागि ४० दिनको यात्रा गराउनुहुन्छ, किनकि तिनलाई प्रकाशको आवश्यकता छ भनी परमेश्वर जान्नुहुन्छ। परमेश्वर तपाईंलाई प्रकाश दिन चाहनुहुन्छ। परमेश्वरले एलियालाई तिनको रीस पोखाउन पनि दिनुहुन्छ। एलियाले स्थितिहरू सही छैनन् भन्छन्। एलियाले परमेश्वरको अनादर हुने कुराहरू भन्छन्। एलिया परमेश्वरको अनादर हुने तरिकाले बोलिरहेका देखिन्छन् र परमेश्वरले त्यस्तो हुन दिनुहुन्छ। कहिलेकहीं हामीलाई मनका कुराहरू बोल्न आवश्यक छ भनी परमेश्वर जान्नुहुन्छ। हामी भावनात्मक रूपमा इमानदार हुनुपर्छ र परमेश्वरले त्यसको ख्याल राख्नुहुन्छ र परमेश्वर हामीसँग घनिष्ठ हुन चाहनुहुन्छ।

त्यसैले, उहाँले एलियालाई अनुमति दिनुहुन्छ। यदि तपाईंले यो मुखौटा ओढने कोसिस गर्नुभयो जसले तपाईंको भित्री भावनालाई झल्काउँदैन भने, तपाईंले कहिल्यै आफ्नो थकानमाथि विजय पाउनुहुन्न। तर यदि तपाईं अय्यूबले, एलियाले जस्तै परमेश्वरले तपाईंलाई यस समयमा धेरै इमानदारीपूर्वक बोल्ने अनुमति दिनुहुन्छ भनी जान्नुहुन्छ भने, उहाँले लक्षणसँग व्यवहार गरिरहनुभएको हुन्छ, किनकि उहाँले तपाईंको पूर्ण वास्ता गर्नुहुन्छ।

त्यसपछि १ राजा १९ अध्यायको कथामा, जब परमेश्वरले त्यो लक्षणसँग व्यवहार गर्नुहुन्छ, तब परमेश्वर अझ गहिराइमा जानुहुन्छ र परमेश्वरले एलियालाई निर्देशनहरू दिनुहुन्छ, जसले तिनलाई तिनको थकानबाट छुटकारा पाउन सहायता गर्नेछ। चाखलाग्दो कुरा यो छ हो कि परमेश्वरले यो गर्नुहुन्छ। परमेश्वरले तिनलाई लामो भाषण दिनुहुन्न। परमेश्वरले तिनलाई प्रोत्साहन दिने कोसिस गर्नुहुन्न। यस उदाहरणमा परमेश्वर भन्नुहुन्छ, "एलिया, यदि तिमीले यी कुराहरू गर्‍यौ भने, तिमी निको हुन थाल्नेछौ र तिमी फेरि विश्वास प्राप्त गर्नेछौ।" जब तपाईं त्यो कथा पढ्नुहुन्छ, परमेश्वरले एलियालाई जे गर्नु भन्नुहुन्छ, त्यो हामीलाई अनौठो लाग्न सक्छ, किनकि हामी सांस्कृतिक रूपमा धेरै टाढा पुगेका छौं। त्यसैले म तपाईंलाई बताउन चाहन्छु। परमेश्वरले एलियालाई तीनवटा कुराहरू गर्नु भन्नुहुन्छ। पहिले, तपाईंले पढ्नुहुनेछ कि उहाँ भन्नुहुन्छ, "सिरियाका राजा हजाएललाई अभिषेक गर।" अब यसबारे सोच्नुहोस्।

एलिया इस्राएलमा जागृति आओस् भन्ने चाहन्छन्। तिनी परमेश्वरको अधीनमा रहेको यहूदी राष्ट्रले पश्चात्ताप गरोस् भन्ने चाहन्छन्। परमेश्वर भन्नुहुन्छ, "विदेशी जातिकहाँ जा। विदेशी राजाकहाँ जा र उसलाई सेवकाईका

लागि अभिषेक गर्।" मलाई निश्चित छ, एलिया यस्तो सोचिरहेका छन्, "तिमी परमेश्वरको बारेमा के सोचिरहेका छौ?" परमेश्वरले के गरिरहनुभएको छ भने उहाँले एलियालाई स्थानमा राखिरहनुभएको छ।

उहाँ एलियालाई त्यहाँबाट हटाउन चाहनुहुन्छ जुन तिनको निम्ति थकानको कारण बनेको थियो, जुन सबै कुरा स्वाभाविक रूपले पत्ता लगाउने कोसिस थियो। उहाँ भनिरहनुभएको छ, "मलाई विश्वास गर। परिस्थितिहरूमा विश्वास नगर। तिमीले आफ्नो मनमा सोचेको समयमा विश्वास नगर। तिमी मेरो तरिकामा भरोसा गर।" त्यसैले परमेश्वरले जानाजानी एलियालाई त्यस्तो काम गर्न लगाउनुभएको छ जुन एलियाले विश्वासको त्यो ठाउँमा फर्केर आउनका निम्ति गर्ने भन्दा धेरै फरक थियो। तपाईंहरूमध्ये कसै-कसैले थकानको सामना गरिरहनुभएको छ, किनकि तपाईंले आफ्नो नियन्त्रणले सेवकाईको प्राकृतिक परिस्थितिहरूलाई व्यवस्थित गर्ने प्रयास गर्नुभएको छ। परमेश्वरले पनि त्यही कुरा भन्नुहुन्छ। "म तिमीलाई विश्वासको ठाउँमा फर्केर आउनका निम्ति निर्देशन दिनेछु, जहाँ तिमीले म जे गर्छु त्यसमा भरोसा गर्नुपर्नेछ।" त्यो वास्तवमा तपाईंले फेरि परमेश्वरमा भरोसा गर्न सक्नुहोस् भनेर तपाईंको पुनः प्राप्तिको लागि हो।

त्यसपछि परमेश्वरले एलियालाई दोस्रो काम गर्न भन्नुहुन्छ। उहाँ भन्नुहुन्छ, "सुन, एलीशा र येहूलाई अभिषेक गर।" अहो, र यसै पनि मेरो राज्यमा सेवा गर्ने ७ हजार जना अरू मानिसहरू छन्। परमेश्वरले मूल रूपमा एलियालाई यसो भन्नुहुन्छ, "झुण्डमा सामेल होऊ। परमेश्वरको राज्यमा सेवा गर्नु भनेको झुण्डमा खेलिने खेल हो। एउटा झुण्डको सदस्य बन। समुदायको सदस्य बन। यो काम एक्लै नगर।" जब तपाईं ख्रीष्टका अरू चेलाहरूसँग सम्बन्ध राख्नुहुन्छ तब तपाईं आफ्नो थकानमाथि विजय पाउनुहुन्छ र तिनीहरूले तपाईंलाई यसलाई पार गर्न सहायता गर्छन्। कसैले पनि एक्लै थकानमाथि विजय पाउन सक्दैन। परमेश्वर भन्नुहुन्छ, "तिमीहरूले आफ्नो जीवनमा अरू मानिसहरूलाई ल्याउनुपर्छ, जसले तिमीहरूलाई त्यो विजय पाउन सक्ने बनाउँछ।"

अनि तपाईं एलियाकहाँ जानुहोस् र ती ७ हजार मानिसमा सामेल हुनुहोस्। त्यसपछि परमेश्वरले एलियालाई तेस्रो निर्देशन दिनुहुन्छ। उहाँ भन्नुहुन्छ, "दमास्कस जाऊ।" परमेश्वरको एउटा योजना छ। उहाँ अति व्यावहारिक हुनुहुन्छ र उहाँले एलियालाई उहाँको योजनामा पहिलो कदम चाल्न दिनुहुन्छ। उहाँ भन्नुहुन्छ, "सुन, म चाहन्छु, तिमीले मेरो निर्देशन पालन गर्दै, ममाथि भरोसा राख्दै काम गर। दमास्कस जाऊ।" परमेश्वरले तपाईंलाई कस्तो कदम चाल्न भन्नुहुनेछ?

जब तपाईं अझै पनि यस प्रकारको थकानपूर्ण अवस्थामा हुनुहुन्छ, त्यसले तपाईंलाई यसबाट बाहिर निकाल्नेछ र तपाईंलाई विश्वासको स्थानमा राख्नेछ। किनकि परमेश्वरले एलियालाई जे गर्न भनिरहनुभएको छ त्यो धर्मशास्त्र बाइबलभरि सिकाइएको छ र यो भनेको परमेश्वरले देखाउनुभएको दिशामा हिँड्नु हो। बाटोमा कतै मेरो शक्ति, मेरो महिमा, तिम्रो सामु देखा पर्नेछ भन्ने जान। तपाईं धर्मशास्त्र बाइबलभरि यो देख्नुहुन्छ।

परमेश्वर भन्नुहुन्छ, "ए यहोशू, संगीतकारहरूलाई पङ्क्तिमा खडा गर, र मैले तिमीलाई देखाएको दिशामा हिँड।" बाटोमा कतै मेरो शक्ति, मेरो महिमा देखा पर्नेछ र म मेरो आश्चर्यकर्म गर्नेछु भन्ने थाहा पाऊ। परमेश्वरले उहाँको आश्चर्यकर्म गर्न अघि संगीतकारहरूले यर्दन नदीमा आफ्नो गोलीगाँठोसम्म पानी भएको ठाउँमा पुग्नुपर्थ्यो। तिनीहरूले भरोसा गरिरहनुपर्थ्यो। तिनीहरूले हिंडिरहनुपर्थ्यो।

येशूले कुष्ठरोगीहरूलाई निको पार्नुहुँदा परमेश्वरले यस्तै गर्नुभयो। अब तिनीहरूले त्यही ठाउँमा चंगाइ पाएनन्। येशूले भन्नुभयो, "प्रधान पुजारीकहाँ जाओ," जो गाउँको स्वास्थ्य विशेषज्ञ जस्तै थिए, जसले तिनीहरू निको भएको प्रमाणित गर्थे, ताकि तिनीहरू गाउँको मन्दिरमा फर्कन सकून्। तिनीहरू गए अनि वचनले भन्छ, "बाटोमा जाँदाजादैं तिनीहरू निको भए।" त्यो कहिले भयो? ठीक त्यसबेला जब तिनीहरूले येशू हुनुभएको ठाउँबाट गए? मलाई लाग्छ, यो त्यस बेला भएको हुन सक्छ जब तिनीहरू पुजारीको घरको ढोकामा पुगे र ढोका ढकढक्याए

अनि त्यसपछि तिनीहरू निको भए। त्यहाँ एउटा बाइबलीय सिद्धान्त छ जसले हामीलाई परमेश्वरले देखाउनु भएको दिशामा हिंड्दा थकानबाट छुटकारा पाउन सक्छौं भनी बताउँछ। परमेश्वरले एलियालाई त्यो निर्देशन दिनुहुन्छ।

उहाँ भन्नुहुन्छ, “सुन, मेरो तरिकामा भरोसा गर। मैले तिमीलाई जे गर्न अगुवाइ गरिरहेको छु, त्यो असामान्य तरिकाले गर।” अरूको झुण्डमा सामेल होऊ र त्यो दिशामा हिँड्।” अनि १ राजा १९ अध्यायमा यस कथाबाट एलियाको विश्वास उच्च पारिएको छ, यो साँच्चै असामान्य तरिकाले साथ समाप्त हुन्छ, जहाँ एलिया होरेब पर्वतमा जाँदैछन्। तिनी त्यहाँ किन जाँदैछन्?

किनकि होरेब पर्वत पनि सीनै पर्वत हो, र त्यहीँ मोशा परमेश्वरलाई भेट्न गएका थिए र एलिया परमेश्वरलाई भेट्न चाहन्छन् र परमेश्वर एलियासँग भेट्न चाहन्छन्। त्यसैले एलियाले यो थकानको सामना गरिरहेका छन्। परमेश्वरले तिनका लक्षणहरूसँग व्यवहार गर्नुहुन्छ। उहाँले तिनलाई भोजन दिनुहुन्छ। तिनलाई विश्राम दिनुहुन्छ। उहाँले तिनलाई होरेब पर्वतको यात्रा गर्न लगाउनुहुन्छ, जहाँ एलिया र परमेश्वरको भेट हुन्छ र परमेश्वरले एलियालाई यी निर्देशनहरू दिनुहुन्छ, तर अरू केही हुन्छ। एलिया पर्वतमा छन्। यसको कल्पना कल्पना गर्नुहोस्। परमेश्वर तिनलाई भेट्न लाग्नुभएको छ। त्यो कथाले भन्छ, त्यहाँ यो ठूलो बतास चल्छ, तर परमेश्वर त्यो बतासमा हुनुहुन्न। भूकम्प आउँछ र परमेश्वर त्यो भूकम्पमा हुनुहुन्न र त्यहाँ आगो छ र परमेश्वर आगोमा पनि हुनुहुन्न।

के भइरहेको छ?

यी पुरानो करारमा परमेश्वरको दण्डका प्रतीकहरू हुन्। म तपाईंलाई यशैया २९:६ पढेर सुनाउँछु। “सर्वशक्तिमान् परमप्रभु गर्जन, भुइँचालो, र ठूलो आवाज र आँधीबेहेरी र भस्म गर्ने आगोको ज्वालासित आउनुहुनेछ।”

त्यसैले यहाँ परमेश्वरको दण्डको तस्वीर छ, जुन आउँदैछ। यहाँ एलिया चट्टानको चिरा पछाडि लुकेका छन्। किनकि जब हामी थकानको विषयमा सोच्छौं, त्यस बेला हामीले परमेश्वरलाई निराश पारेका छौं, त्यसैले अब परमेश्वरले हामीलाई दण्ड दिनुहुनेछ भनी सोच्छौं। परमेश्वरले एलियालाई भेट्नुहुन्छ, तर उहाँले तिनका निम्ति दण्ड लिएर आउनुहुन्न।

एलिया एउटा चट्टानको पछाडि लुकेका छन् र चट्टानले परमेश्वरको दण्ड आफूमाथि लिन्छ। के तपाईंले यहाँ चित्रण गरिएको कुरा देख्नुहुन्छ? हजारौं वर्ष पहिले पुरानो करारमा पनि हाम्रो लागि ख्रीष्टको चित्रण (वर्णन) गरिएको छ। किनकि यदि तपाईंले छिटोछिटो अगाडि बढदै हजारौं वर्षपछि हेर्नुभयो भने एलियाको मृत्यु हुँदा तिनी अर्कै पहाडमा भएको पाउनुहुनेछ। अनि त्योचाहिँ रूप परिवर्तनको पहाडमा हो।

येशूको रूप परिवर्तन हुँदा एलिया र मोशा त्यहाँ येशूसँगै देखिन्छन् अनि एलियाले परमेश्वरको राज्यको पूर्ण सुसमाचारको वास्तविकता र सत्यता पत्ता लगाएका छन्। तर १ राजा १९ अध्यायको यस चित्रमा हामीलाई एउटा तस्वीर दिइएको छ, जहाँ थकानबाट पुनर्स्थापना त्यो चट्टानद्वारा हुनेछ जुन चट्टान येशू हुनुहुन्छ भनी बताइएको छ।

परमेश्वरको दण्ड तपाईंलाई थकाउनका निम्ति हुँदैन। तपाईंले संघर्ष गर्नुभएको छ र आफूलाई निराशामा पाउनुभएको छ भनेर परमेश्वरको न्याय आउँदैन। परमेश्वर तपाईंको वास्ता गर्न चाहनुहुन्छ। उहाँ लक्षणमा तपाईंका खाँचोहरू पूरा गर्न चाहनुहुन्छ र उहाँले गहिरोमा मूल जडमा भएका खाँचोहरू पूरा गर्न चाहनुहुन्छ र तपाईंलाई त्यो थकानबाट बाहिर निस्कन के गर्नुपर्छ भनेर उहाँले निर्देशन दिनुहुन्छ र उहाँ तपाईंसँग भेट्नुहुन्छ।

अनि खीष्ट चट्टानले तपाईंलाई सुरक्षा गर्नुहुन्छ र तपाईं सुरक्षित हुनुहुन्छ र एलिया जस्तै तपाईंले धेरै पटक नयाँ विचार पत्ता लगाउनुहुन्छ। हाम्रो थकानका निम्ति हामी नै जिम्मेवार छौं। हामीसँग गलत अपेक्षाहरू थिए। हामीले सेवकाईमा नियन्त्रण गऱ्यौं। हामीले परमेश्वरमा भरोसा गर्न छाड्यौं।

हामीले नियन्त्रण गर्न थाल्यौं। हामीले आफूलाई अरू मानिसहरूबाट बनायौं र परमेश्वरलाई हामीले गर्ने गलत निर्णयहरू थाहा छ, तैपनि उहाँ हाम्रो साथमा आउनुहुन्छ र उहाँलाई वास्ता ख्याल गर्नुहुन्छ र उहाँले हामीलाई निर्देशन दिनुहुन्छ र खीष्टद्वारा हामी सहायता पाउने ठाउँमा फेरि स्थापित हुन्छौं। तर १ राजा १९ अध्यायले हामीलाई एलियाले गरेका एउटा कुरा बताउँछ, जब तिनी थकित भए तब परमेश्वरकहाँ आए।

अनि जब तपाईं असहाय, निराशा र शून्यताको ठाउँमा आउनुहुन्छ, तब तपाईं परमेश्वरकहाँ आउनुहुन्छ र तपाईंले सृष्टि गर्नुभएको तपाईंको सङ्कटमा परमेश्वरले हस्तक्षेप गर्नुहुनेछ र उहाँले तपाईंको विश्वासलाई माथि उठाउनुहुनेछ र तपाईंलाई एलियाजस्तै अझ बलियो स्थितिमा पुनर्स्थापित गर्नुहुनेछ र तपाईं अब त्यो थकानमा काम गर्नुहुनेछैन।

एलिया शक्ति, विश्वास र अनुग्रहमा अगाडि बढे। एलियाबाट शिक्षा लिएर आफ्नो थकानमाथि विजय प्राप्त गर्नुहोस्।